# चैनपुर नगरपालिकाको आठौं नगरसभा प्रमुख श्री भरत कुमार खत्रीज्यूले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

वक्तव्य

चैनपुर नगरपालिका,
चैनपुर सङ्खुवासभा
मिति : २०७८।०३।१० गते

# चैनपुर नगरपालिकाको
# आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम

चैनपुर नगरपालिकाको कार्यालय चैनपुर, संखुवासभा १ नं. प्रदेश, नेपाल स्था. २०७३

**सभाध्यक्ष ज्यू**
**सभा सदस्य ज्यूहरु**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै चैनपुर नगरपालिकाले लिएको **"कृषि, पर्यटन र व्यापार: सुरक्षित समृद्ध नगरको आधार"** दीर्घकालिन सोच पूरा गर्नेतर्फ प्रतिवद्ध रही यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस महत्वपूर्ण घडीमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियहित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाको लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण व्यक्त गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुनः स्मरण गर्न चाहान्छु ।

नेपालको राज्य पून: संरचना पछि सम्पन्न भएको दोस्रो चरणको स्थानीय तहको निर्वाचन पश्चात चैनपुर नगरपालिकाको आठौं नगर सभामा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महशुस गरेको छु । नेपालको संघीय संरचना अन्तर्गत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत बोध गराउने यो सुखद समयलाई पुन: स्मरण गर्न चाहान्छु ।

हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भरियन्ट सहितको कोभिड–१९ को कारण देश बाहिर, देशभर र यस नगरपालिकाभित्र ज्यान गुमाउनु हुने नागरिकहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । कोभिड–१९ को संक्रमणमा परि उपचाररत सवैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै कोभिड–१९ लाई पराजित गरि घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु । कोभिड–१९ को महामारीको विषम परिस्थितीमा अग्रभागमा रहेर सेवा गरिरहेका चिकित्सक, नर्स स्वास्थयकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक तथा महामारी रोकथाममा खटिनु भएका सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरु लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

कोभिड–१९ महामारीको दोस्रो लहरको संकटको यस समयमा जीवनरक्षाको अभिभारालाई नगरपालिकाले मुख्य प्राथमिकता दिएको छ । नगरपालिका महामारीकै बीचमा पनि सजगता अपनाउँदै नगरको विकास निर्माण लगायत आम नागरिहरुको सरोकारका क्षेत्रहरुमा निरन्तर रुपमा ध्यान दिइदै आइरहेको छ ।

अहिले देश **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांशाका साथ विकास उन्नति र समृद्धिका अग्रगामी अभियानमा अग्रसर भएको र गतिशिल रहेको सन्दर्भमा स्थायी शान्ति, स्थिरता, सुशासन र दिगो विकासका प्रतिफल जनसमक्ष प्रस्तुत गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु । चैनपुर नगरवासीले पाँच वर्षको लागि दिएको जनमतलाई सम्मान गर्दै सो को जिम्मेवारी विगत चार वर्षदेखि हामीले इमान्दारीपूर्वक निर्वाह गरिरहेको विश्वास लिएको छु ।

चैनपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक एवं आर्थिक पृष्ठभूमी, विकासप्रतिको धारणा र संस्कृति, कानूनी व्यवस्था तथा संघीय संरचनाको सरकार संचालनको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयन्त पूर्ण नहुन सक्छ । यद्यपि, हाम्रो संरचनागत, कानूनी र आर्थिक अवस्थाका



भरत कुमार खत्री
नगर प्रमुख

आधारमा चैनपुर नगरपालिकाको वडा समितिहरु, विषयगत समितिहरु, बजेट तथा योजना तर्जुमा समितिको परामर्श समेतको आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

प्रस्तुत नीति तथा कार्यक्रममा अधिकांश प्रतिवद्धताहरु गत आर्थिक वर्षमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको निरन्तरतामा रहेको अवगत गराउन चाहान्छु । केही कुराहरु बदलिँदो परिस्थिति समेतलाई मध्यनजर गरि उपयुक्तताका आधारमा पेश गरिएको छ ।

यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रुपमा रहेको आ.व.२०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रमको तर्जुमाको चरणमा नगरपालिकाको प्रयासहरुमा हरदम साथ सहयोग गर्नुहुने उपप्रमुख, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलका नेताज्यूहरु, शिक्षकहरु, बुद्धिजिवी, नागरिक समाज, सरकारी एवं गैरसरकारी निकायहरु, संचार जगत, यस नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा चैनपुर नगरबासी सम्पूर्ण आदरणीय आमा बुबा, दाजुभाई तथा दिदि बहिनीहरुमा हार्दिक आधार व्यक्त गर्दछु ।

यति बेला कोभिड–१९ को महामारीले हाम्रा सम्पूर्ण काम कारवाहीहरु प्रभावित भएका छन् । कोभिड–१९ विरुद्धको संर्घष र लडाई प्रमुख बनेको छ । जनताको जीवन रक्षा गर्नु हाम्रो पहिलो कर्तव्य बनेको छ । तर हामी सुरुबाटै पूर्वतयारी र योजनाका साथ क्रियाशील रहेकोले कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचारमा हाल सम्म सक्षम भएका छौं । अवका दिनहरुमा पनि कोभिड–१९ लाई पराजित गर्न सवै एकढिक्का भई लाग्नुको विकल्प छैन । म कोभिड–१९ विरुद्धको अभियानमा मानव जीवन रक्षाका लागि उभिन सबैलाई आव्हान गर्दछु ।

दिगो विकास लक्ष्यको आन्तरिकीकरण यस नीति तथा कार्यक्रमको तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग सामन्जस्य हुने गरि कार्यक्रमहरुको तर्जुमा गरिएको छ । आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रमका साथै बजेट तर्जुमा गर्दा नेपाल सरकारको विश्व सामु सन् २०३० सम्ममा पूरा गर्ने गरि प्रतिवद्धता जाहेर गरेका १७ वटा लक्ष्यहरुलाई सहयोग पुग्ने गरि नीति तथा कार्यक्रमहरुतय गरेको यहाँहरु सामु अवगत गराउँन चाहान्छु ।

सभाध्यक्ष महोदय

अव म यस नगरपालिकाको आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु

नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय सरकारको आवधिक योजनाले लिएको नीति तथा प्राथमिकताहरु, संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तिय नीतिहरु, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ले गरेको नीतिगत व्यवस्था, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ ले गरेको नीतिगत व्यवस्था, वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, राष्ट्रिय योजना आयोगबाट जारी आ.व.२०७८।०७९ को बजेट तथा त्रिवर्षीय मध्यकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा,२०७७ को नीतिगत व्यवस्था, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकारसूची, स्थानीय तहको वार्षिक योजनालेतय गरेका प्राथमिकताहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिवद्धताहरु यस नीति तथा कार्यक्रमको आधारहरु हुन् । त्यसैगरि स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य स्थानीय तहमा संचालन सम्वन्धी ऐन, नियमावलीका प्रावधानहरु,



भरत कुमार खत्री
नगर प्रमुख

स्थानीय तहका क्षेत्रगत नीति, पन्धौं पञ्च वर्षिय योजना, नगरपालिकाको एकिकृत नगर विकास योजना, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामायिक मुद्धाहरु दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, उर्जा संकटको व्यस्थापन लगायतका दस्तावेजले यो नीति तथा कार्यक्रम निर्माणको क्रममा मध्यनजर गरिएको छ । अन्य सम्बन्धित विषयगत नीतिहरु, निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषणापत्र तथा योजनाहरु, विभिन्न राजनैतिक दलहरु, संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाज, शिक्षक बुद्धिजिवी लगायत सम्पूर्ण नगरबासी आमाबुबा, दाजुभाई तथा दिदिबहिनीहरु एवं संचार माध्यम, बौद्धिक वर्ग लगायतका निजी क्षेत्रको सुझाव तथा समय समयमा गरिएका सार्वजनिक अन्तरक्रिया कार्यक्रममा गरिएका प्रतिवद्धताहरुलाई नीति निर्माणको आधारको रुपमा लिएको छु ।

**अव म चैनपुर नगरपालिकाको दूरदष्टि तथा लक्ष्य प्रस्तुत गर्दछु**

## दूरदृष्टि (Vision) :

**"कृषि, पर्यटन र व्यापारः सुरक्षित समृद्ध नगरको आधार"**

## लक्ष्य(Mission) :

कृषि, उद्योग, पर्यटन रव्यापारको माध्यमबाट व्यापक रोजगारी श्रृजना गरी आगामी १३ वर्ष भित्र १ नं. प्रदेशको नमूना नगरपालिका वनाउने ।

**सभाध्यक्ष ज्यू**
**आ.व. २०७८।०७९का लागि नीति तथा कार्यक्रमहरु :**

**अव म क्षेत्रगत विकासका नीतिहरु प्रस्तुत गर्न अनुमति चाहान्छु**

## १. आर्थिक विकास

### १.१.कृषि तथा पशु पंन्छीपालन

**"आर्थिक समृद्धिको पहिलो आधार, कृषि क्षेत्रमा आमूल सुधार"** भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण,विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणलाई विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालनको विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ । कृषकलाई उन्नत र परम्परागत जातका बिउबिजन वितरण कार्यक्रम संचालन गरिनेछ । कृषि विकासका लागि चालु आ.व.मा सञ्चालित सफल कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

- रासायनिक मल कृषकहरुलाई सहजरुपमा उपलब्ध गराउदै निकट भविष्यमा किटनाषक बिषादिको प्रयोगलाई कम गर्न प्राङ्गारिक र जैविक मल प्रयोगमा जोड दिंदै **Integrated Paste Management (IPM)**प्रणाली अवलम्वन गरिनेछ ।
- **किसानसँग मेयर कृषि प्रवर्द्धन कार्यक्रम** मार्फत निर्वाहमुखी कृषिलाई निरुत्साहित गरि, व्यावसायमुखी आत्मानिर्भर किसान कार्यक्रम संचालन गर्न कृषक परिचयपत्र वितरण कार्यक्रम संचालन गरि कृषिमा लाग्न आम नगरबासीहरुलाई थप प्रोत्साहित गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादन वृद्धिमा जोड दिदै **नगरको उत्पादन उपभोग गरौं, नगर क्षेत्रको उत्पादनलाई प्रोत्साहन गरौं** अभियान संचालन गरिनेछ ।

भरत कुमार खत्री
नगर प्रमुख

- कृषक क्षमता विकास गर्न विशेष तालिम तथा कृषक अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकालाई फलफूल उत्पादनको समेत पकेट क्षेत्र बनाउन फलफूलका विरुवा वितरण कार्यक्रम ल्याईनेछ ।
- Four Pillars of Livestock Sector;दुध, फलफुल, मासु र अण्डाबाट नगरलाई आत्मा निर्भर बनाई वजार व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।
- पशुहरुको संक्रमक रोग पहिचान, उपचार र नियन्त्रणमा विशेष जोड दिइनेछ ।
- विगत वर्ष देखि दिदै आएको पशु तथा कृषिका अनुदान कार्यक्रमहलाई निरन्तरता दिइने नीति लिइने छ ।
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण तथा कृषि बीमा र साना तथा गरिबीको रेखामुनि रहेका किसानहरूलाई सहुलियतपूर्ण कर्जा सहजीकरण कार्यक्रमको शुरुवात गरिनेछ ।
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । साथै मल एवं बीउ वितरणमा विशेष अनुदानको व्यवस्था गरिने छ ।
- टर्की जातको ओखर, कि.वी. लगायत भौगोलिक हावापानी अनुकूल हुने क्षेत्रहरु छनौट गरि किसानलाई उक्त खेतीमा व्यावसायिक बनाईने छ ।
- धान पकेट क्षेत्र निर्धारण गरि विशेष अनुदान कार्यक्रम संचालन गरिने छ ।
- कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गरि आर्थिक रुपमा सवल बनाइने छ ।
- पशु नश्ल सुधारका लागि कृत्रिम गर्भधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घाँस खेतीका कार्यकम संचालन गरिने छ ।
- कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिबृद्वि कार्यकम संचालन गरिने छ ।
- स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुऱ्याउन आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडी बढाईने छ । साथै बजार क्षेत्रका मासु पसलहरुको स्थलगत अवलोकन गरी आधुनिक मासु पसल सञ्चालनका लागि नगद अनुदानको व्यवस्था गरिनेछ ।
- केन्द्र तथा प्रदेश सरकारको नीति अनुरुप कृषि खेती बिमा र पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकाबाट सहयोग गरिनेछ ।
- कृषि व्यवसाय प्रवर्द्धनका लागि युवालाई आकर्षित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरि युवालाई विदेश जान निरुत्साहित गरिने छ ।
- चैनपुर नगरपालिका -१० मा संचालन गर्न लागिएको बोयर जातिका पाठापाठी उत्पादन स्रोत केन्द्रलाई प्रदेश नं.१ कै स्रोत केन्द्रको रुपमा संचालन गर्न लागिएको उक्त स्रोत केन्द्रलाई आर्थिक तथा भौतिक रुपमा सवल बनाउन संघीय सरकार, प्रदेश सरकार तथा N.L.S.I.P कार्यक्रम माग

भरत कुमार खत्री
नगर प्रमुख

गरि चैनपुर नगरपालिकाको साझेदारीमा संचालन गर्ने नीति निरन्तरता दिदै थप व्यवस्थापन गरिने छ ।

- लागत सहभागिता तथा मागमा आधारित प्रोसेसिङ सेन्टर स्थापना गरी रोजगारीका थप अवसर श्रृजना गरिने छ ।
- च्याउ खेती, वेमौसमी तरकारी खेती, अर्गानिक तरकारी खेतीमा विशेष जोड दिइने छ । अनुदानमा सिँचाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नगरपालिका भित्र कम्तिमा १ पटक कृषि प्रदर्शनी मेला आयोजना गरि कृषकहरुलाई प्रोत्साहित र पुरस्कृत गरिनेछ ।
- वैदेशिक रोजगारी सिलशिलामा लामो समय सम्म विदेशमा विताई नेपाल फर्किएका युवाहरुलाई कृषि, पशु व्यवसायमा लाग्न युवाहरुलाई संगठित गरि सामुहिक तथा व्यक्तिगत फर्म संचालन गर्न प्रोत्साहन गरि उनीहरुले आर्जन गरेको सीपलाई आफ्नो माटोमा प्रयोग गर्ने नीति लिइने छ ।
- कफी, फलफूल, अलैंची खेती, माछापालक, वंगुर तथा माहुरीपालक कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु ल्याइने छ ।
- बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वातावरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिनेछ ।
- कृषकहरुलाई कृषि यान्त्रिकरण तथा औजार अनुदान कार्यक्रम संचालन गरिने छ । साथै कृषि फर्महरुलाई सक्रियताको आधारमा अनुदानको व्यवस्था गरिने छ ।
- बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वयमा कृषि कार्ड मार्फत विना धितो कृषि ऋण उपलब्ध गराउन समन्वय गरिने सो बमोजिम ऋणमा लाग्ने प्रवाह गरिने ऋणमा लाग्ने व्याजमा आवश्यक अध्ययन गरिने छुटको व्यवस्था मिलाइने छ ।
- कोभिड-१९ को महामारीको कारण रोजगारी गुमाएर घर फर्किएका व्यक्तिहरुको लगत संकलन गरी कृषि क्षेत्रमा सामूहिक व्यावसाय गर्न चाहेमा तालिम, प्रविधि र सहुलियत ऋणका लागि वित्तिय संस्थाहरुसँग समन्वय तथा साझेदारी गरि युवाहरुलाई रोजगारी सिर्जना गर्ने नीति लिइने छ ।
- प्रधानमन्त्री कृषि आधुनिक परियोजना तथा कृषि र पशु विकास ज्ञान केन्द्रसँग समन्वय र सहकार्यमा नगरपालिकाले लागत साझेदारी गर्दै धान, तरकारी, आलु र फलफुल व्यसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय वृद्धि गरिनेछ । घुम्ती शिविर मार्फत माटो परिक्षण गोवर परिक्षण कार्यक्रम संचालन गरिदै कृषि र पशुपन्छी पालन क्षेत्रको उत्पादन वृद्धि गरिने छ ।
- शारदा मा.वि. पोखरीमा बाली विज्ञान विषयमा पढाई भईरहेकोले माटो परिक्षणको लागि प्रविधिको विकास गरिने छ ।

## १.२.उद्योग तथा वाणिज्य

- नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र घरेलु तथा साना उद्योग स्थापनाका लागि उद्योग मैत्री नीति अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ । चिज, छुर्पी, कुराउनी, अल्लोको कपडा, हाते कागज, दानाबाट निर्मित झोला जस्ता उद्योग व्यवसायलाई विशेष प्राथमिकता दिइनेछ ।
- बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशिल बनाउन युवा लक्षित रोजगारमुलक तालिम संचालन गरिनेछ ।

भरत कुमार खत्री
नगर प्रमुख

- स्थानीय कृषि प्रशोधन तथा गैह्र काष्ठ वन पैदावर जन्य उद्योगहरुको पहिचान गरि कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ ।
- नगर क्षेत्र भित्र सञ्चालित साना उद्योगहरुलाई अनिवार्य नगरपालिकामा दर्ता गर्ने तथा दर्ता नगर्ने उद्यमीहरुलाई नगरपालिकावाट प्रदान गर्ने सेवामा रोक लगाउने नीति अवलम्वन गरिने छ
- घरेलु तथा साना उद्योग, व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नवीकरण, खारेजी र नियमन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रको उपयुक्त स्थानमा उद्योग ग्राम स्थापना गर्नका लागि आवश्यक पर्ने जग्गा पहिचान र प्राप्ति गरिनेछ ।
- उद्योग, घर पसलबाट उत्सर्जित फोहोर व्यवस्थापन र वातावरणीय प्रदुषणका सम्बन्धमा ठोस कार्य गर्न प्रदुषण सम्बन्धी अध्ययन गरि विभिन्न गैह्र सरकारी संघ संस्थाको सहकार्यमा व्यवस्थापन कार्य गरिने छ ।
- उपभोक्ताहित संरक्षणलाई मध्यनजर गरी इलाका प्रशासन, इलाका प्रहरी कार्यालय र उद्योग वाणिज्य संघसँग समन्वय गरी समय समयमा बजार अनुगमन गरी स्वस्थ्य व्यापारिक प्रतिष्पर्धा कायम गरिने छ । म्याद नाघेका र नागरिकको स्वास्थ्यमा हानी पुर्याउने खालका चीजबस्तु बिक्री वितरण कार्य निरुत्साहित गरिने छ ।
- जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकीनेछ एवं खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।
- ऐतिहासिक महत्वले परिचित चैनपुरे करुवा व्यवस्थापनका लागि जिल्ला घरेलु तथा साना उद्योगसँग समन्वय गरी एक करुवा समूह गठन गर्ने तथा **करुवा पवर्द्धन कार्यक्रम** संचालन गरिने छ ।
- ढुङ्गा खानीलाई उद्योगको रुपमा विकास गर्ने नीति लिइने छ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत विपन्न तथा गरिवी परिवारहरुलाई सीपमूलक तालिम प्रदान गरि थप रोजगारीको सिर्जना गरिने छ ।

## १.३.पर्यटन

- **"पर्यटन पुर्वाधार : विकास र समृद्धिको आधार"**भन्ने नारालाई सार्थक वनाउँन पर्यटन प्रवर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय गरी पर्यटन गुरु योजना तयार गरिने छ । कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रबर्द्धन र विकास गरिने छ । नगर क्षेत्रमा रहेका ऐतिहासिक पर्यटकीय क्षेत्रहरु सिद्धकाली मन्दिर, वालेश्वर गुफा, बानेश्वर मन्दिर, वानेश्वर नागीडाँडा, थामपोखरी, गुफा पोखरी, सिद्धेश्वर गुफा, दिलेश्वर महादेव, भिरेश्वर गुफा, ताङलेवा भरना, मनोहर भरना तातोपानीको संरक्षण सम्वर्द्धन गरिनेछ । साथै चैनपुरको ऐतिहासिक मेजर पाटीलाई संग्रहालयको रुपमा विकास गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा एक मनोरञ्जानात्मक पार्क (वालउद्यान) निर्माण गरि पर्यटन व्यवसायलाई विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
- सिद्धकाली मन्दिरलाई आधार मानी धार्मिक प्रचारप्रसारका लागि धार्मिक सम्मेलन गरिन छ ।
- चैनपुरलाई पर्यटकीय नगरको रुपमा विकास गर्न गरिदै आएको विकास सम्मेलनलाई निरन्तरता दिईने छ ।
- चैनपुर नगरको परिचयको रुपमा रहेको **चैनपुरे करुवालाई** देशव्यापी चिनाउनका लागि चैनपुरको जिरो प्याइन्टमा **करुवा पार्क निर्माण** यस आ.व.मा सम्पन्न गरिने छ ।
- नगर क्षेत्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको प्रोफायल तयार गरिनेछ ।

- बाहय तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न प्रचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- चैनपुर नगरपालिका भित्र होमस्टे कार्यक्रम संचालनका लागि पर्यटन वोर्डसँग आवश्यक सहकार्य गरिने छ ।
- पोखरी पार्कको थप व्यवस्थापन गर्न कार्ययोजना तथा कार्यविधि निर्माण गरि व्यवस्थापन गरिने छ ।

## १.४ सहकारी

- सहकारीको नियमित र प्रभावकारी नियमन गर्दै मुल्यांकनमा उत्कृष्ट एक सहकारीलाई प्रत्येक वर्ष **सहकारीसंग मेयर पुरस्कारले** पुरस्कृत गरिनेछ ।
- सहकारी व्यवस्थापक तथा कार्यरत जनशक्तिको क्षमता विकासका लागि आवश्यक सहयोग गरिने छ ।
- सहकारी ऐनमा भएका प्रावधानहरुलाई पूर्ण रुपमा पालन गर्न सहकारी शिक्षालाई टोल टोल सम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ ।
- सहकारी मार्फत कृषि फर्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ । कृषि उत्पादन र बजारीकरणमा सहकारीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषिमा लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।
- स्थानीय उद्यमीहरुबाट उत्पादित बस्तु तथा सेवाको बजारीकरणका लागि सहकार्यमा विभिन्न अवसरहरु प्रदान गरिने छ । नगरपालिका, उद्यमीहरु तथा सहकारी संस्थाको लागत सहभागितामा कोशेली घर स्थापना गरी सञ्चालन गरिने छ ।
- स्थानीय परम्परा र संस्कृति समेत जोगाउने गरी सहकारी मार्फत पर्यटन प्रवर्द्धन गर्ने गरी सामुहिक होमस्टे सञ्चालनमा सहयोग गरिने छ ।
- कृषि तथा पशुसेवासँग सम्बन्धित, लक्षित वर्ग वा समूहबाट सञ्चालित, महिलाबाट मात्र सञ्चालित सहकारी र अन्य सहकारी संस्थाहरुको विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुपथ मूल्यको सहकारी पसल स्थापना गर्न प्रेरित गरिने छ

## १.५.वित्तीय क्षेत्र

- नगरपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालनमा रहेका विभिन्न बैंक तथा वित्तीय संस्थाहरु तथा सहकारी संस्थाहरुसँग सहकार्य गरिने छ ।

### १.५.१.वाह्य क्षेत्र

- नगरपालिकाको भौतिक पूर्वाधार विकास लगायतको क्षेत्रमा आवश्यकता र संभावनाका आधारमा बिशेष गरी रिङ्गरोड निर्माण, रंगशाला निर्माण, प्रदेश स्तरीय खेल मैदान निर्माण आदि क्षेत्रमा वाह्य सहयोग लिइने छ ।

भरत कुमार कार्की
नगर प्रमुख

१.५.२.बजेट तथा स्रोत परिचालन

- नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम सहितको बजेट निर्माण, सभाबाट पारित गरि सार्वजनिक गर्ने तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रमुखले समग्र रुपमा सुपरिवेक्षण, उपप्रमुखको संयोजकत्वमा अनुगमन सुपरिवेक्षण समिति र वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा अनुगमन समितिलाई अनुगमन तथा सुपरिवेक्षण कार्यको जिम्मेवारी तोकिने छ ।
- विकास निर्माणका कार्यमा समस्या भएमा नगर प्रमुखको संयोजकत्वमा गठित नगरस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट निर्णय गरिने छ ।
- नगरपालिकाबाट राजश्वको नयाँ श्रोत पहिचान र दायरा विस्तार गरी त्यसको सदुपयोग हुने गरी अधिकतम परिचालन गरिने छ ।

१.५.३.राजस्व नीति तथा वित्तीय व्यवस्थापन

- दिगो र भरपर्दो आयका श्रोतहरूबाट राजश्व संकलन तथा समुचित परिचालनबाट मात्र समृद्ध नगरपालिका निर्माणमा टेवा पुग्ने भएकोले नगरपालिका क्षेत्रको करको दायरामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करकोदायरामा ल्याईनेछ ।
- आय श्रोत पहिचान र परिचालनका लागि नगरपालिकाको राजश्व सुधार कार्ययोजना बमोजिम कार्य गरिनेछ ।
- करको दर दायरालाई फराकिलो वनाई नागरिकमैत्री कर नीति बनाइनेछ ।
- सम्पत्ति कर लागू गर्दा करदातालाई प्रोत्साहन गर्ने गरी स्वैच्छिक कर बुझाउने व्यवस्था गरिनेछ । समयमा कर तिर्ने नागरिकहरुलाई कर छुट दिने व्यवस्था मिलाइने छ ।
- कर प्रणालीलाई सरल सहज र पारदर्शी बनाइनेछ ।
- नगरपालिका क्षेत्रमा संचालित व्यवसायहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालय तथा विभिन्न निकायहरुले कारोवार गर्दा नगरपालिकामा व्यवसाय दर्ता नभए कारोवार नगर्ने/नगराउने नीति अवलम्बन गरिनेछ ।
- करको दायरामा परी कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत हुनेव्यवस्था मिलाईनेछ ।

१.५.४.रोजगार तथा वजार व्यवस्थापन

- **"कृषि उद्योग पर्यटन र व्यापार सुरक्षित समृद्ध शहरको आधार"**भन्ने नाराकासाथ कृषि पर्यटन र व्यापारकाक्षेत्रमा रोजगारीका अवसरहरु श्रृजना गर्न बिशेष कार्यक्रमहरु सञ्चालन गरिने छ । कृषिजन्य, हस्तकला तथा घरेलु उद्योगबाट उत्पादित वस्तुहरुलाई स्थानीय ब्राण्ड सहित बजार व्यवस्थापनमा नगरपालिकाले सहयोग गर्ने छ ।
- रोजगार सेवा केन्द्र र रोजगार व्यवस्थापन सूचना प्रणाली संचालनमा ल्याइने छ । नगरपालिकाले नगर क्षेत्रभित्रका बेरोजागरहरुको नामवाली संकलन गरिन रोजगारीको अवसर प्रदान गर्ने व्यवस्था मिलाईन छ ।

भरत कुमार खत्री
नगर प्रमुख

## २. सामाजिक विकास

### २.१.शिक्षा

- कोरोना भाइरस (कोभिड–१९) का कारण विद्यार्थीहरुको पठन पाठनमा पर्न गएको प्रभावलाई ध्यानमा राखी आवश्यक कार्यक्रमको तर्जुमा गरिने छ । हाल देखिएको विषम परिस्थितिमा अनलाइन शिक्षा, भर्चुअल कक्षा संचालनका साथै पठन पाठनमा सूचना तथा संचार प्रविधिको प्रभावकारी उपयोग गर्न आवश्यक पूर्वाधारको विकास सहित विशेष कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- **"दक्ष जनशक्ति गुणस्तरिय शिक्षा, आत्मनिर्भर एबं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा सुधार गर्न **एक वडा एक नमूना बिद्यालयको विकास गर्ने**नीति तय गरिनेछ ।
- **मेयर शैक्षिक सुधार कार्यक्रम** मार्फत विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन कम्प्युटर, प्रिन्टर लगायतका सूचना प्रविधिका सामग्रीहरु प्रदान गरि विद्यालयहरुको शैक्षिक सुधारलाई प्रभावकारी बनाइने छ । साथै विभिन्न प्रतिभा भएका विद्यार्थीहरुको पहिचान गरि उनीहरुलाई पुरस्कारको समेत व्यवस्था गर्ने नीति लिइने छ ।
- विद्यालय पहिचान कार्यक्रम अन्तर्गत School color code अनुसार विद्यालयहरु रंगरोगन गरि विद्यालयलाई पहिचान योग्य बनाइने छ ।
- विद्यालय बाटिका कार्यक्रम अन्तर्गत विद्यालय, अभिभावक र नगरपालिकाको साझेदारीमा विद्यालयमा बाटिका बगैंचा निर्माण गरि हरित शैक्षिक वातावरण Green learning Enviroment तयार गर्ने कार्यको थालनी गरिने छ ।
- **Digital Connectivity कार्यक्रम अन्तर्गत सबै आधारभूत तह संचालित विद्यालयहरुका उच्च गतिकको Internet जडान गरि प्रविधिमैत्री विद्यालय निर्माण गरिने छ ।**
- हरेक नानी एक बोतल पानी भन्ने नाराका साथ बालबालिकालाई घरबाट सफा स्वच्छ एक बोतल पिउने लिएर विद्यालय आउन प्रोत्साहित गरिने छ ।
- शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई कार्यान्वयनमा ल्याउन विद्यालय भर्ना अभियानलाई शैक्षिक शत्रको सुरुमा सचेतामूलक कार्यक्रम गर्दै प्रत्येक टोल/टोलमा प्रचारप्रसार गरी व्यापकता बनाईने छ ।
- शैक्षिक गुणस्तर सुधारका लागि कक्षा र विद्यार्थीको अनुपातमा गत वर्षमा दिइएको शिक्षक अनुदान, वाल शिक्षिकाहरु र विद्यालयका कर्मचारीहरुलाई दिएको अनुदानलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयको शिक्षामा आकर्षण गर्न लक्षित वर्ग समूहका विद्यार्थीहरुलाई विशेष सहयोग र सहुलियत प्रदान गरिने छ ।
- सार्वजनिक शिक्षामा विद्यार्थी र अभिभावकको आकर्षण बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ
- माध्यमिक तहसम्मको शिक्षालाई गुणस्तरीय बनाइनेछ ।
- निजी क्षेत्रबाट सञ्चालित विद्यालयको गुणस्तर कायम गर्न नियमित अनुगमन गर्ने संस्थागत व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुलाई समायोजन हुन प्रेरित गर्ने नीति लिइनेछ ।
- अंग्रेजी माध्यमबाट अध्यापन गर्न गराउन विद्यालयहरुलाई प्रोत्साहित गर्ने विभिन्न कार्यक्रमहरु ल्याइने छ ।
- विद्यायलको पूर्वाधार निर्माण कार्यमा जोड दिइने छ ।

भरत कुमार [illegible]
नगर प्रमुख

- माध्यमिक विद्यालय स्तरीय खेलकुद तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रम आयोजना गरिने छ ।
- विज्ञान प्रयोगशाला भएकालाई व्यवस्थित गर्ने र नभएका विद्यालयहरुलाई प्रयोगशाला निर्माणमा सहयोग गरिने छ ।
- पूर्व प्राथमिक, वाल विकास केन्द्रहरुलाई व्यवस्थित वनाउन भौतिक पूर्वाधार, सामाग्री सहयोग गरिने छ ।
- **विद्यार्थीसँग मेयर कार्यक्रम** मार्फत प्रेत्यक सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघ, प्र.अ. शिक्षक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिने शिक्षाको सुधार गर्ने नीति लिइने छ ।
- शिक्षकहरुको लागि पुर्नताजगी र आधारभूत TNA को आधार तालिमहरु आयोजना गरिने छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (Continues Assessment System) लाई प्रभावकारी रुपमा लागू गरिने छ ।
- नगर क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयका SEE परिक्षामा उत्कृष्ट अंक ल्याउने छात्र तथा छात्रालाई पुरस्कृत गरिनेछ ।
- उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई पुरस्कृत गर्ने नीति लिइने छ ।
- **२१ औं शताब्दीको आवश्यकता, सूचना प्रविधि मैत्री विद्यालयको व्यवस्था** भन्ने नारालाई सार्थक बनाउन सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुलाई दिएको कम्प्युटर सम्वन्धी तालिमलाई निरन्तरता दिईनेछ ।
- कक्षा १ देखि ५ सम्म मात्र संचालनमा रहेका नगर क्षेत्रका विद्यालयहरुमा विद्यार्थीहरुको आकर्षण बढाउन न्यानो पोसाकको व्यवस्था गरिनेछ ।
- बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरीनेछ । साथै विपन्न तथा गरिब बालालिकाहरुलाई विद्यालय सम्म पुग्ने वातावरण तयार गरिने छ ।
- चैनपुर नगरपालिकामा मनमोहन पोलिटेक्निकल इन्टिच्युट संचालनका लागि आवश्यक पर्ने जग्गा व्यवस्था गरी प्रदेश सरकारसँग उक्त इन्टिच्युट स्थापनाका लागि आवश्यक समन्वय गर्ने नीति लिइने छ ।
- चैनपुर नगरपालिकामा रहेको उच्च शिक्षा हासिल गर्ने संखुवासभा जिल्ला कै पुरानो श्री संखुवासभा बहुमुखी क्याम्पसलाई भौतिक तथा शैक्षिक सुधारका लागि विगतमा दिदैं आएको अनुदानलाई निरन्तरता दिइने छ ।
- चैनपुर नगरपालिका क्षेत्रमा रहेको एक मात्र प्रविधिक विद्यालय शारदा मा.वि. पोखरीलाई दश जोड दुई सम्म बालिविज्ञान पठन पाठनका लागि स्वीकृत गरि आवश्यक भौतिक, शैक्षिक सुधारका लागि सहयोग गर्ने नीति लिइने छ ।

**२.२.स्वास्थ्य**

- कोरोना भाइरस (कोभिड–१९) महामरीमुक्त नगरपालिका बनाउन पहिलो प्राथमिकता भएको छ । महामारीको रोकथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरुको पालना गर्ने गराउने: संक्रमणको परिक्षणलाई व्यापक बनाइने छ: औषधी, उपकरण र चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरुको पर्याप्त व्यवस्था तथा परिचालन गरिने छ ।



भरत कुमार खत्री
नगर प्रमुख

- विपद्मा नगरपालिकाको साथ कार्यक्रम अन्तर्गत कोभिड-१९ को संक्रमण तथा प्राकृतिक विपद्का कारण ज्यान गुमाएका नागरिकहरुको परिवारलाई काज क्रिया तथा सदगत खर्च वापत प्रति मृतक रु.१५०००.हजार उपलब्ध गराइने छ ।
- नगरपालिका भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा न्यूनतम भौतिक पूर्वाधार सहितका सामग्रीहरु व्यवस्था गरिनेछ ।
- पूर्ण खोप सुनिश्चितता कार्यक्रमको निरन्तरताका लागि आवश्यक कार्यहरु गरिने छ ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई प्रोत्साहित गरिने छ ।
- निःशुल्क स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधीको पर्याप्त व्यवस्था गरिने छ ।
- प्रदेश सरकार र केन्द्र सरकारको सहयोगमा नगरपालिका भित्र २५ सैयाको अस्पताल निर्माण कार्यका लागि प्रस्ताव गरिने छ ।
- रोगहरुबाट बाँच्नका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- संकास्पद कोरोना भाइरस, क्षयरोग, एच.आई भी. एड्स लगायतका सरुवा रोगका विरामीहरु पहिचान गरी त्यस्ता विरामीहरुलाई व्यवस्थित गरिने कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपालिकामा एम्बुलेन्स व्यवस्था गरिने छ ।
- मृगौला र क्यान्सरका विरामीलाई सरकारी मान्यता प्राप्त डाक्टरले प्रमाणित गरेको कागजातका आधारमा एक पटकका लागि गरिने सहयोगलाई निरन्तरता दिइने छ । साथै मुटुका विरामीलाई पनि मिगौला र क्यान्सरका विरामी सरह सहयोग गरिने छ निरन्तरता दिइने छ ।
- प्रजनन् स्वास्थ्य तथा स्वस्थ शिशु जन्मन पाउने अधिकारलाई सुनिश्चित गर्न गर्भ परिक्षण चक्र र स्वास्थ्य केन्द्रमा मात्र प्रसुती गर्न गराउन थप प्रोत्साहन गरिनेछ ।
- चैनपुर नगरपालिका भरि दीर्घरोगीहरुलाई स्वास्थ्य संस्थाको प्रमाणित कागजको आधारमा निःशूल्क औषधी वितरण कार्यक्रम ल्याइने छ ।
- ९० वर्ष भन्दा माथिका वृद्ध वृद्धालाई दीर्घ रोग लागेको अवस्थामा वार्षिक रु.५०००। र सामान्य रोग लागेमा अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा लागेको उपचार खर्च प्रमाणित बिलको आधारमा ५० प्रतिशत सम्म सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
- **उपप्रमुख सुत्केरी भटघाट कार्यक्रमलाई** निरन्तरता दिइने छ ।
- नगर क्षेत्रका तीन वटा बजारमा योग शिविर संचालन गरिने छ ।
- आयुर्वेदिक, युनानी, होमियोप्याथी एवं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिनेछ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ । सबै नगरबासीहरुको सुविधालाई मध्यनजगर गरि व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न पहल गरिने छ ।
- प्रदेश सरकारको समन्वय सगरमाथा टिन्स क्लब एवं स्वास्थ्य शाखा चैनपुरको संयोजनमा योग शिक्षा कार्यक्रम कक्षा ९ देखि १२ सम्म संचालन भएका विद्यालयहरुमा गरिने छ ।

भरत कुमार खत्री
नगर प्रमुख

## २.३.खानेपानी तथा सरसफाई

- सबै नगरबासीहरूलाई ३ वर्षभित्र स्वच्छ तथा सफा खानेपानी पुऱ्याउन अल्पकालीन र दीर्घकालीन योजना/कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । चैनपुर वृहत खानेपानीको निर्माण कार्यलाई तिव्रता दिन पहल गरिनेछ । निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशिघ्र सम्पन्न गर्न विशेष पहल गरिनेछ ।
- **"एक टोल १ ट्यांकी, घर घरमा स्वच्छ खानेपानी"** भन्ने नारालाई प्रभावकारी वनाउँन नगरपालिका क्षेत्रमा क्रियाशिल सबै उपभोक्ता समितिहरुसँग समन्वय गरी खानेपानीको व्यवस्थापनमा निरन्तर सहयोग गर्ने नीति अवलम्वन गरिने छ ।
- चैनपुर नगरपालिका वडा नं. १० र ११ लाई खानेपानी व्यवस्थापन गर्न सोलार लिफ्टिङ्ग खानेपानी योजना संचालनका लागि आ.व.०७८/०७९ मा सम्पन्न गरि थप व्यवस्थापन गरिने छ ।
- **"सडकमा फोहोर फाल्नेलाई फाइन, उचित व्यवस्थापनका लागि डस्विन** "कार्यक्रम अन्तरगत वजार क्षेत्रमा १ घर १ डस्विन तथा ग्रामीण क्षेत्रमा स्थानीय उत्पादन डोको डस्विन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउँदै लगिनेछ ।
- मापदण्ड नपुगेका चर्पीहरुको पहिचान गरी स्तरोन्नती गर्न सहजीकरण तथा पुर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- नगर सरसफाई अभियान सञ्चालन गर्दै फोहोर व्यवस्थापनमा जोड दिइनेछ ।
- नगर क्षेत्र भित्रका विद्यालय,सार्वजनिक स्थान/चौकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

## २.४.संस्कृति प्रवर्द्धन

- **"सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान"** भन्ने नारालाई स्थापित गरी स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन र विकास गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- ऐतिहासिक धार्मिक क्षेत्र सिद्धकाली र नयाँ गन्तव्यको सूचीमा परेको वालेश्वर गुफालाई सञ्चालन व्यवस्थापन गर्नका लागि विधान तयार गरी विकास समितिमा दर्ता गरिने छ साथै सिद्धकाली मन्दिरको पूजा विधिलाई व्यवस्थित, नियमित गर्ने र सरसफाई गर्न मालिको व्यवस्था गरिने छ साथै आर्थिक एवं भौतिक व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याइने छ ।
- परम्परागत रुपमा चलि आएका श्रीकृष्ण जन्माष्टमी, वुद्ध जयन्ती,दशैं, दीपावली, उधौली उभौली,ल्होसार, छठ, पर्वको सञ्चालन, बालाचतुदर्शी मेला, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
- सांस्कृतिक परम्परा बमोजिम मनाइने सबै जातजातिका पर्वहरुलाई व्यवस्थित गरिनेछ र नगर भित्र रहेका धार्मिक मठ मन्दिर, गुम्वाको अभिलेख तयार गरी आवश्यक मर्मत-सम्भार, सुधार तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिईनेछ । साथै पोखरी बजारमा रहेको पोखरीलाई आ.व.०७८/०७९ मा पार्क सहितको पोखरी व्यवस्थापन एवं चैनपुर टुडिखेलमा पार्क व्यवस्थापन गरिने छ ।
- अल्पसंख्यक जातजाती र भाषाभाषीको भाषा संस्कृति र ललितकलालाई संरक्षण गर्नका लागि विशेष नीति योजना बनाई साँस्कृतिक संग्रहालय निर्माणको पहल गरिनेछ ।

भरत कुमार खत्री
नगर प्रमुख

- समाजका लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रवर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ ।
- पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ । चैनपुरमा भेटिएका पुराना मल्ल कालीन इटाहरुको संरक्षण तथा मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइने छ ।

## २.५.युवा, खेलकुद तथा मनोरञ्जन

- **“खेलकुद विकासमा समयदान, प्रत्येक वडामा खेलमैदान”**, कार्यक्रम अन्तरगत स्थानीय समुदायको सहभागितामा प्रत्येक वडामा १ वटा वडा स्तरिय खेलमैदान निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- चैनपुर रंगशालाको भौतिक सुधार गर्दै नगरपालिका क्षेत्रमा अन्य रंगशाला निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक पहल गरिनुका साथै उक्त रंगशालाको भौतिक संरचना निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार र युवा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरि प्रदेश नं.१ मा पहिलो पटक संचालित चैनपुर मेयर गोल्डकपलाई प्रदेश कै फुटबलको हवको रुपमा विकास गरि स्तरयुक्त स्टेडियम सहितको खेलमैदान निर्माण गर्न सम्बन्धित निकायहरुसँग चैनपुर नगरपालिकाले आवश्यक समन्वय गर्ने नीति लिइने छ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदप्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामाग्री खरीद तथा खेल मैदानको स्तरोन्नती गर्न सहयोग गरिनेछ
- युवा जनशक्ति समाज बिकासको मेरुदण्ड भएकोले विकास निर्माण, आर्थिक उन्नती, कृषि उत्पादन र सामाजिक परिचालनमा नगरपालिकाका ११ वटै वडामा खेलकुद सम्बन्धित युवा क्लब गठन गर्न प्रोत्साहन गरिनेछ । ती युवा क्लबहरुलाई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाको सहभागिता सहितको कार्यक्रम परिचालनमा प्राथमिकता दिइनेछ ।
- १ नं. प्रदेश स्तरीय चैनपुर मेयर गोल्डकप फुटबल प्रतियोगितालाई अझ व्यवस्थित रुपमा सञ्चालन गरिने छ।
- फुटबल खेलमा अभिप्रेरित गराउनको लागि एन्फाको सहकार्यमा Grass root gameकक्षा ५ देखि ८ सम्म अध्ययन गने विद्यार्थीहरुलांई सहभागी गराई संचालनमा ल्याईने छ ।
- चैनपुर नगरपालिका भित्र, नगरपालिकाको स्वीकृतीमा आयोजना हुने वडा स्तरीय फुटबल प्रतियोगिता र अन्य खेलकुद प्रतियोगिता सञ्चालनका लागि सहयोग गरिने छ ।
- **मेयरसँग युवा, युवा उद्यमशिल कार्यक्रम** मार्फत कोभिड-१९ का कारण रोजगारी गुमेका, विदेशबाट घर फर्किएका तथा अध्ययन पूरा गरि बेरोजगार भएका युवाहरुलाई विशेष अनुदान कार्यक्रम संचालन गरिने छ ।

भरत कुमार खत्री
नगर प्रमुख

### २.६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- समतामूलक समाजको निर्माणका लागि समाजमा हुने सबै खाले हिंसाका घटनाहरुलाई न्युनीकरण गर्न तथा सुरक्षित महिलामैत्री नगर क्षेत्रकोरुपमा विकास गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला/एकल महिलाहरुको आय आर्जनका लागि **विपन्नसंग उपमेयर विशेष कार्यक्रम** सञ्चालन गरिनेछ ।
- **विपन्न परिवार आवास कार्यक्रम** मार्फत जग्गा विहिन तथा जोखिममा परेका नगरबासीहरुको व्यवस्थित बसोवासको लागि एकिकृत बस्ती निर्माणको थालनी गरिनेछ ।
- नगर क्षेत्रभित्रका विपन्न तथा एकल महिलाहरुलाई सफल उद्यमी बन्न ज्ञान सिप प्रदान गर्ने प्रदेश सरकारसँग समन्वय गरी साझेदारीमा आयआर्जमुलक कार्य गर्न प्रोत्साहन गरीनेछ ।
- जेष्ठ नागरिक अनुभवका खानी तथा सदैव श्रद्धाका धरोहर हुने भएकोले उहाँहरुको सम्मानमा सुविधाजनक जेष्ठ नागरिक भेटघाट चौतारी निर्माण गरिनेछ । यसलाई आवश्यकताका आधारमा थप विस्तार गरिनेछ । ९० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई दिइएको थप भत्तालाई निरन्तरता दिइनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाका विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालबालिका लक्षित कार्यक्रम छनौट गर्दा बालबालिकाकै मागमा आधारित योजनाहरु छनौट गरिने छन् । यी कार्यक्रमहरु बालबालिकाहरुले नै अधिकतम लाभ पाउने गरी रचनात्मक तथा मनोरन्जनात्मक क्षेत्रमा कार्यान्वयन गरिनेछ ।
- हिंसा पिडितहरुको सहयोगको लागी कार्यविधि बनाई खर्च गर्ने गरी न्यायिक कोष स्थापना गरिनेछ र सुरक्षित आवास केन्द्र स्थापना गरिनेछ ।
- लैगिक मूलप्रवाहीकरण र सामाजिक समावेसीकरणका लागि सहयोगी हुने खालका विभिन्न तालिम अन्तरक्रिया तथा उपयोगी कार्यक्रमहरु तयार गरी सञ्चालन गरिने छ ।
- आदिवासी जनजाती,महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, अपाङ्ग, लक्षित वर्ग र समूह एवं समूदायका व्यक्तिहरुको लगत संकलन गरी अद्यावधिक गरिने छ । र सोको आधारमा विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जष्ठ नागरिक, एकल महिला, अपाङ्ग लगायतको परिचय पत्र सरल र सहज किसिमले वितरण गरिने छ
- बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्युनीकरण गर्न कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ ।
- **मेयरसँग बालबालिका कार्यक्रम** मार्फत बाल प्रतिभाको पहिचान गरि बालबालिकाहरुलाई पुरस्कृत तथा सम्मान गरिने छ ।
- बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालवालिकाको उनीहरुका लागि गरिने निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता गराउनका लागि नगरले विशेष पहल गर्नेछ ।
- नगरपालिकालाई बालमैत्री नगर बनाई भावि पुस्तासँग ज्ञान साटासाट कार्यक्रम लागु गरिनेछ ।
- हाम्रो मृत्यु संस्कार महंगो भएकोले नगरपालिका भित्रका अति विपन्न परिवारलाई मृत्यु संस्कारमा सगाउन आर्थिक सहयोग गर्ने व्यवस्था मिलाईने छ ।

**भरत कुमार खत्री**
**नगर प्रमुख**

## २.६.१.गैह्र सरकारी संघ संस्था

- नगरपालिकामा कार्यक्रम संचालन गर्ने गैह्रसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमति पश्चात आफ्नो कार्य क्षेत्रतय गरी सामुदायिक क्षेत्रमा काम गर्ने व्यवस्था मिलाइनेछ ।
- संघ संस्थाको गठन, दर्ता, नवीकरण र संञ्चालनको लागि सो संग सम्बन्धित कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विदेशी दातृनिकायहरू मार्फत् अनुदान प्राप्त **NGO** र **INGO,** एवं व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र कार्यक्रम सँचालन गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र कार्यक्रम सञ्चालन गर्ने सवै गैह्रसरकारी संस्थाहरुले संस्थाको स्वीकृत विधान, समाज कल्याण परिषदको आवद्धता पत्र, कार्य क्षेत्र खुलेको पत्र, कर चुक्ता तथा लेखा परिक्षण प्रतिवेदन पत्र सहित नगरपालिकामा अनिवार्य रुपमा सूचिकृत हुनुपर्ने छ ।

## ३. पूर्वाधार विकास

### ३.१. सडक तथा पुल

- नगरको लगानीबाट निर्माण सुधार हुने सडकहरुको चौडाई नेपाल सरकारले तोकेको मापदण्ड, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत निर्माण मापदण्ड २०७२ अनुसार निर्माण गर्ने व्यवस्था कायम राखिनेछ ।
- **MUNICIPAL TRASPORT MASTER PLAN, MTMP**अद्यावधिक गर्दै **MTMP** बाट निर्दिष्ट गरिएका सबै सडकहरुको **Right of Way (ROW)** निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै सार्वजनिक सडकहरुको लगत कट्टा गर्ने कार्यलाई आ.व.०७८/०७९ मा अगाडी बढाईने छ ।
- निर्माण शुरु भई सम्पन्न हुन नसकेका सडक योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने नीति लिइनेछ । साथै आवश्यकता पहिचानको आधारमा मात्र ट्याक ओपनको कार्य अगाडी बढाईने छ ।
- सडकको अधिकार क्षेत्र मिच्ने, सडकको दायाँ वायाँ सवारी साधन आवतजावत गर्न असहज हुने गरी कुनै पनि सामग्री राख्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।
- नगर क्षेत्र भित्रका सडकहरुको चौडाई तथा घुम्ती मोडहरु फराकिलो र स्तरोन्नति गर्न पहल गरिने छ ।
- हरित र वाताबरण मैत्री सडक निर्माणलाई अगाडी बढाईनेछ ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गरी नियमित अनुगमन तथा नियमन गरिनेछ ।
- नेपालको संविधानले समावेशी र समन्यायिक विकास गर्ने नीति अवलम्बन गरे बमोजिम नगरपालिकाका ११ वटा वडाहरुको विकासलाई समान प्राथमिकतामा राखिने छ । नगर क्षेत्रमा बनेका सडकहरु मध्ये उत्कृष्ट सडकको पहिचान गरी सो सडकमा पार्क उद्यान लागायतका पर्यटकीय आकर्षणका बस्तुहरु निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्ने नीति अवलम्बन गरिने छ ।
- उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम संचालन गरिने छ ।

भरत कुमार खत्री
नगर प्रमुख

- बहुवर्षिय आयोजनाको रुपमा प्रत्येक वडामा **एक वडा एक गौरवको आयोजना** संचालन यस आ.व.मा सम्पन्न गरिनेछ । नगरपालिकाको मापदण्ड (६ मिटर चौडाइ) भित्र पर्ने सडकलाई मात्र गौरवको आयोजना मानी लगानी गरिने छ । साथै वडाहरुका गौरवका आयोजनाहरुमा नगरपालिकाबाट अनुगमन गरे पश्चात मात्र कार्यन्वयन गर्ने निति लिइनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहने गरी नगर भित्र नगर यातायात व्यवस्थापन र सञ्चालन गर्न अध्ययन कार्यलाई अगाडी बढाइनेछ ।
- नगर क्षेत्र भित्र रहेका पक्की तथा झोलुङ्गे पुलहरुको अभिलेखीकरण गरी सोको संरक्षणमा जोड दिइनेछ । जीर्णोद्धार भएका पुलहरुको मर्मत सुधार गरिनेछ । आवश्यकता अनुसार नयाँ पक्की, झोलुङ्गे तथा काठे पुलहरु जनसहभागीमा निर्माण गरिनेछ ।
- तत्कालीन मापदण्ड भित्र परेका वाहेक अव बन्ने सडकहरुलाई ६ मिटर भन्दा कम चौडाइ भएमा नगरपालिकाबाट लगानी नगर्ने नीति लिइने छ ।
- चैनपुर जिरो प्वाइन्ट देखि पोखरी सम्मको सडक पिचको स्थायीत्वलाई मध्यनजर गरि R.M.G. (सडक हेरालु) को व्यवस्थापन साथै गर्नुको साथै आवश्यक मर्मत सुधार समेत गरिने छ ।

### ३.२ सिंचाइ

- नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक पहल गरिनेछ
- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण गरी सिँचाई गुरुयोजनाको निर्माण, कार्यान्वयन र स्तरोन्नतिको लागि कार्य अगाडी बढाइनेछ ।
- सिँचाई आवश्यक रहेका र मुहानको संभावना रहेका क्षेत्रमा सिंचाई योजना सञ्चालन गरिने छ साथै साविक सिद्धकाली गा.वि.स.ले संचालन गरेको तुपुवा र पिलुवा वृहत सिँचाई आयोजना चैनपुर नगरपालिकाको विभिन्न वडाहरुमा संचालन हुने गरि योजना बनाइने छ । यो योजना कार्यन्वयन गर्न केन्द्र तथा प्रदेश सरकारसँग बजेटको माग गरी सञ्चालन गर्ने निति लिइनेछ । सिंचाईका लागि मुहानको व्यवस्था नहुने क्षेत्रमा प्लाष्टिक पोखरी लगायतका पानी संकलन गर्ने विधि र प्रविधिहरु अवलम्बन गरिने छ ।
- सामूहिक तथा व्यक्तिगत फर्म खोली वेमौसमी तरकारी खेती गर्ने कृषकहरुलाई सिंचाईको व्यवस्था गर्ने नीति लिइने छ ।

### ३.३. भवन तथा शहरी विकास

- नगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन गर्दा नगरविकास योजना राष्ट्रिय भवन संहिता भित्र रहि गरिने छ । साथै निकट भविष्यमा भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- New Village Development कार्यक्रम मार्फत चैनपुर नगरपालिका क्षेत्र सुविधा सम्पन्न गाउँ तथा एकिकृत बस्ती विकास कार्यक्रम संचालन गरिने छ ।
- नीजि आवास तथा संघ संस्थाले भवन निर्माण गर्दा अनिवार्य नगरपालिकामा नक्सा पास गरेर मात्र निर्माण गर्ने परिपाटीलाइ थप व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्र भित्र पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा महिलामैत्री, वालवालिका मैत्री, अपाङ्ग मैत्री जेष्ठ नागरिक मैत्री र वातावरणमैत्री हुने गरी निर्माण गरिने छ ।
- चैनपुर नगरपालिकाको समग्र विकासका लागि भवन विभागको सहजीकरणमा एकीकृत नगर विकास योजना निर्माण भइरहेको छ । यो योजना निर्माण भए पछि नगरपालिकाको आवश्यकता र

भरत कुमार खत्री
नगर प्रमुख

प्राथमिकताका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन पूर्वाधार विकासको योजना तयार गरि आवश्यक डिपिआर, डिजाइनको कार्य सुरु गरिने छ।

- पूर्वाधार निर्माणको गुणस्तरीयता यकिन गर्न निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण, विस्तृत सर्वेक्षण, माटो परिक्षण, ल.ई., डिजाईन, सम्झौता लगायतका प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । आ.व.०७८/०७९ मा ल्याव टेक्निसियन कर्मचारी व्यवस्था गरी ल्याव स्थापना गर्ने व्यवस्था मिलाइने छ।
- एकीकृत नगर विकास योजना बमोजिम ३ बर्षे रणनीतिक योजना र सोही योजनाका आधारमा आवधिक योजना निर्माण गरिनेछ।
- शहरी विकासका योजनाहरुलाई नगर स्तरीय र वडा स्तरीय गरी २ भागमा छुट्याइ कार्यान्वयन गरिनेछ।
- चैनपुर, पोखरी र खराङ्ग बजारमा लाग्ने साप्ताहिक हटियालाई पूर्वाधार विकास सहित व्यवस्थित गरिनेछ।
- एकिकृत बस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा विस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ।
- संघीय सरकार, प्रदेश सरकार तथा चैनपुर नगरपालिकाको समन्वयमा जनता आवास एवं सुरक्षा नागरिक आवास कार्यक्रम मार्फत फुसको छानामुक्त नगरपालिका निर्माणका लागि आवश्यक समन्वय गरिने छ।
- नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी प्रर्ति जग्गाको एकिकृत लगत तयार गरिने छ सो कार्यका लागि एक समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ। साथै त्यस्तो जग्गाको नगरपालिकाबाट सार्वजनिक उपयोग गर्ने नीति लिइने छ।
- आगलागीबाट नगरपालिकालाई सुरक्षित राख्नका लागि (फुस्को) खरको छाना हटाउ अभियान संचालन गरिने छ।
- संघीय सरकार तथा प्रदेश सरकारको समन्वयमा वडा कार्यालयहरुको भवन निर्माण कार्य अगाडी बढाईने छ।

## ३.४.उर्जा, लघु तथा साना जलविद्युत

- नगरपालिका भित्रका सडकमा जडान भएका सडक बत्ती मर्मत सम्भार गरिनेछ।
- नगर भित्र हाल जडित गरिएका सडक बत्तीलाई क्रमशः वैकल्पिक ऊर्जाद्धारा विस्थापित गरिने छ। सडकका मुख्य नाका र चोकहरुमा क्रमशः सौर्य सडक बत्ती विस्तार गरिने छ।
- चैनपुर नगरका ३ वटै शहरमा सडकबत्ती तथा सी.सी. क्यामेराको व्यवस्थित गरि वजारलाई सुरक्षित बनाउने कार्यलाई निरन्तरता दिइने छ।
- नवीकरणीय उर्जा, बायो उर्जा निकाल्न प्रोत्साहित गरी बायो ब्रिकेट उद्योग सञ्चालनका लागि सहकारी संस्था वा अन्य साझेदार संस्थासँग सहकार्य गरिने छ।
- **"झलमल्ल शहर, चैनपुर नगर वासीको रहर"** भन्ने मूल नारालाई स्थापित गर्न सौर्य/सडक बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ सोका लागि योगदानमा आधारित जनसहभागिताको नीतिलाई प्राथमिकता दिइनेछ।
- बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गर्न नीजि क्षेत्र तथा गैह्रसरकारी सँघसंस्थासँग आवश्यक समन्वय गर्ने कार्यक्रम तय गरिनेछ।
- चैनपुर नगरपालिकाको मुख्य मुख्य तिनवटै बजारहरुमा**मेयर उज्यालो कार्यक्रम** मार्फतसडक

भरत कुमार खत्री
नगर प्रमुख

वत्तीको व्यवस्था मिलाईने छ ।

- विद्युत् प्राधिकरण कार्यालयसँग समन्वय गरी विपन्न तथा दलित परिवारहरुलाई निःशूल्क मिटर तथा तार वितरणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- यस नगरमा रहेको निगुरे लघु जल विद्युत आयोजना सञ्चालनका लागि सम्बन्धित निकायहरुसँग आवश्यक छलफल गरि नगरबासीको हित र नगरको आम्दानीको स्रोतको रुपमा विकास गर्न सम्पूर्ण नगरबासी र नगरपालिका भित्रका विभिन्न वित्तिय सँघ संस्थासँग समन्वय गरि नगरको अधिनमा रहने गरि जनताको बिजुली नामक संस्था दर्ता गरि ३ मेगावट बिजुली उत्पादन गरि सोको आम्दानीबाट नगरपालिकाको शिक्षा र स्वास्थ्यमा लगानी गरि शिक्षा र स्वास्थ्यमा जनताको आर्थिकमारबाट मुक्त गरि नमूना नगर घोषणा गर्ने नीति लिइने छ ।

### ३.५. सञ्चार

- नगरपालिका तथा वडा कार्यालयहरुको सूचना संप्रेषणका लागि नगर कार्यपालिकाको कार्यालयमा सूचना अधिकारी तथा सहायक सूचना अधिकारी एवं नगर कार्यपालिकाको प्रवक्ताको व्यवस्थालाई निरन्तरता दिदै वडा कार्यालयमा पनि वडा समितिको १ जना सदस्यलाई प्रवक्ता र वडा सचिवलाई सूचना अधिकारी तोकिने छ ।
- प्रत्येक वडा कार्यालयमा टेलिफोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित तथा छिटो गर्न नेपाल नेपाल टेलिकम कार्यालयसँग आवश्यक समन्वय गरि कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाका सवै कार्यक्रमलाई नगरपालिकाको WebSiteमा प्रविष्टी गर्ने कार्यलाई थप व्यवस्थित गरिने छ ।
- खोजमुलक र अनुसन्धानमुलक पत्रपत्रकारिता तथा सामुदायिक रेडियोहरुको भौतिक पुर्वाधार विकास तथा क्षमता विकासलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । विकास गतिविधिमा उत्कृष्ट कलम चलाउने नगर भित्रका पत्रकार मध्येवाट १ जनालाई विकास पत्रकारिता पुरस्कारले पुरस्कृत गर्ने नीति अवलम्बन गर्दै लगिनेछ ।
- सुचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभुति गर्न नगरपालिकाले आफ्नो गतिविधिहरुलाई विभिन्न माद्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिकिकरण गर्ने व्यवस्था मिलाइ नियमित कार्यक्रमको रुपमा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ साथै सूचना एवं सञ्चारको क्षेत्रमा कार्यरत सँघ संस्थाको पूवार्धार निर्माणमा सहयोग गर्ने नीति लिइने छ ।
- नगरको विकास गतिविधि तथा जनताको गुनासो सुनुवाईको लागी स्थानीय रेडियो मार्फत साप्ताहिक/मासिक रुपमा **"जनतासँग मेयर रेडियो कार्यक्रम"** सञ्चालन गरिनेछ

## ४.वातावरण तथा विपद् व्यवस्थापन

भरत कुमार खत्री
नगर प्रमुख

४.१. वन तथा भु-संरक्षण

- वनको क्षेत्रमा कार्यरत निकायहरुसँगको सहकार्यमा बृक्षारोपण, संरक्षण कार्य गरिनेछ ।
- राजमार्गमा परेका वन क्षेत्रमा फलफूल तथा अन्य वहुउपयोगी विरुवाहरु रोपिने छ ।
- सरकारी सार्वजनिक, ऐलानी जग्गाहरु, नदी किनाराका जग्गाहरुमा भविष्यमा समेत वाधा नपुग्ने गरी वृक्षरोपण गरी वातावरण संरक्षणको पहल गरिनेछ । साथै सभाखोला देखि खराङ्ग सम्म सडकको दाँया बाँया फलफुलका बिरुवा रोप्ने कार्यको व्यवस्था मिलाईने छ ।
- कुनै व्यक्ति वा संस्थाले निजी जग्गामा नर्सरी गरी वृक्षरोपण गर्न चाहेमा प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका सामुदायिक वन, कवुलियत वन तथा अन्य वनहरुको अभिलेख तयारी गरिनेछ । सामुदायिक वन विकास कार्यक्रमलाई आवश्यक सहयोग गरिने छ ।
- नगरपालिकामा रहेका सवै सामुदायिक वनहरुमा वन जगेर्ना तथा घाँस जडिवुटी जन्य प्रजातीका वृक्षरोपण कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समितिको साझेदारीमा ठुला वनहरुको EIA कार्य गर्न आवश्यक पहल गरिने छ ।
- वढि भूक्षय हुने स्थानको पहिचान गरी सो क्षेत्रमा भू-संरक्षण गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक वनहरुको नक्सा एकिन गरि वन क्षेत्रको सीमाङ्कन गरिने छ ।
- खलंगा सामुदायिक रानी वन उपभोक्ता समितिसँग सहकार्य गरि वन तथा वातावरण मन्त्रालयबाट अनुमति लिई उक्त वन क्षेत्रमा **Open ZOO** (ओपन जू) को संरचना निर्माण गर्ने नीति लिइने छ ।

४.२. जलाधार संरक्षण

- नगरपालिका भित्रका विभिन्न झरना, पोखरी तालतलैयाहरु, प्राकृतिक पानीका श्रोतहरु र सिमसार क्षेत्रहरुको संरक्षण गरिनेछ ।
- जलाधार क्षेत्रमा पुर्वाधार विकासका कार्यक्रम संचालन गर्दा अनिवार्य रुपमा पानीको स्रोत माथि प्रभाव पर्ने नपर्ने अवस्थालाई अध्ययन गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास गरिनेछ ।

४.३. वातावरण संरक्षण, जलवायु परिवर्तन र ढल व्यवस्थापन

४.३.१.फोहोरमैला व्यवस्थापन

- जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम एवं तालिम कार्यक्रम मार्फत फोहोर व्यवस्थापनमा स्थानीय सहभागिता सुनिश्चित गरिने छ ।
- **"नगरवासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध चैनपुर नगर"** भन्ने नारालाई सार्थक बनाउन नगरपालिकाको स्वामित्वमा रहने गरी फोहोर व्यवस्थापन केन्द्र पहिचान, प्राप्ति र विकास गरी व्यवस्थित ल्याण्ड फिल्ड साइडको व्यवस्थापन गरी पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न गुरु योजना तयार गरिने छ ।
- घर घरवाट फोहोर उठाउँदा सुरु मै अनिवार्य रुपमा कुहिने र नकुहिने फोहर वर्गीकरण गरि अलग अलग रुपमा संकलन तथा व्यवस्थापन कार्यलाई प्राथमिकीकरण गरि फोहोर मैला व्यवस्थापन ऐनको आधारमा जथाभावी फोहोर गर्नेलाई दण्ड जरिवाना समेतको नीतिलाई निरन्नतरता दिईने छ ।



भरत कुमार खत्री
नगर प्रमुख

- प्लाष्टिकजन्य पदार्थको व्यवस्थापन गर्न जनचेतनामूलक कार्यक्रम गरि, प्लाष्टिक झोलाको विकल्पमा स्थानीय कच्चा पदार्थबाट विकल्प खोजी गर्दै वातावरण संरक्षणका क्षेत्रमा विभिन्न निकायसँग सहकार्य गरिने नीति लिइने छ ।
- प्लाष्टिक, बोतल तथा टिनका डब्बाको कारण हुने समस्याहरुलाई समाधानका लागि त्यस्ता बस्तुको विक्री वितरण गर्ने डिलरसँग विकल्पहरु खोजी गर्ने नीति लिइनेछ ।
- उत्कृष्ट कार्य सम्पादनका आधारमा फोहोर व्यवस्थापनमा कार्यरत संघ-संस्था तथा व्यक्तिहरुलाई पुरस्कृत तथा सम्मानित गरिने नीति लिईनेछ ।

## ४.४. जलवायु परिवर्तन तथा वातावरण संरक्षण

- जलवायु परिवर्तनले पार्ने असरको वारेमा जानकारीमुलक सचेतना कार्यक्रम सरोकारवाला निकाय, गैसस तथा अन्य विकास साझेदार संस्थाको सहकार्यमा गर्ने नीति अवलम्वन गरिनेछ ।
- वातावरणमैत्री नगर निर्माणका लागि एक युवा एक विरुवा रोप्ने कार्यक्रमलाई प्रभावकारी बनाई सबै वडाहरुमा लागू गरिने छ ।
- वातावरण संरक्षणका लागि फोहोर मैला व्यवस्थापन गरिनेछ ।

## ४.५.नगरको सौन्दर्यताको संरक्षण तथा विकास

- नगरको सौन्दर्यताको संरक्षण तथा विकासका लागि दाह्रेगौडा, बानेश्वर नागीडाँडा, सिद्धकाली,खराङ्ग,नूनढाकी क्षेत्रमा स्थानीय जनताको माग र लागत सहभागिताको आधारमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आवश्यकता अनुसार ढल तथा नाला सफाई कार्य समय समयमा सम्पन्न गरिनेछ । नगर सरसफाई तथा सौन्दर्य संरक्षणका लागि स्थानीय सँघ संस्थाहरुलाई जिम्मेवार र जागरुक बनाइनेछ ।
- सार्वजनिक क्षेत्रमा सौन्दर्ययुक्त उपयोगी विरुवाको बृक्षरोपण कार्य गरी शहरमा हरियाली कायम गरिनेछ ।

## ४.६. जलउत्पन्न प्रकोप नियन्त्रण

नगर क्षेत्र भित्र हुन सक्ने तथा सम्भावित विपदको म्यापिङ गरी जल उत्पन्न प्रकोप नियन्त्रण गर्न यस नगरपालिका क्षेत्र भित्र नदिनालाहरुले पार्ने असरलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।

## ४.७. विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन

- विपद सूचना दिएर आउँदैन, त्यसैले विपद् व्यवस्थापनका लागि यस नगरपालिको स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना LDRMP कार्यान्वयनमा सहकार्य तथा विपद व्यवस्थापन ऐन,२०७५ ले निर्देशन गरेका कार्यहरु सम्पन्न गरिने छ ।
- विपद व्यवस्थापन कोष सञ्चालन तथा प्रवर्द्धनका लागि कोष सञ्चालन कार्यविधि बमोजिम कार्य गरिने छ ।
- विपद व्यवस्थापन कार्यका लागि नगर स्तरीय समितिले विपद पूर्वको तयारीका लागि विशेष कार्य योजना निर्माण गर्नेछ
- नगर प्रमुखको संयोजकत्वमा गठित नगर स्तरीय विपद व्यवस्थापन समितिले जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस सोसाइटी लगायत विपदको क्षेत्रमा कार्यरत

भरत कुमार खत्री
नगर प्रमुख

निकायसँग समन्वय गरी आवश्यक कार्य गर्नेछ । विपदको समयमा अत्यावश्यक र स्टोर गरेर राख्न मिल्ने सामग्रीहरु खरिद गर्न वजेट व्यवस्था गरिने छ ।

- विपदको समयमा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीहरुको अभाव नहुने गरी पूर्व तयारी र व्यवस्था गरिनेछ ।
- विपदको समयमा पनि अवरुद्ध नहुने खालको सञ्चार सामग्रीको व्यवस्था गर्न सुरक्षाकर्मीलाई सहयोग गरिनेछ ।
- विपदको समयमा अत्यावश्यक रगत संकलनका लागि रक्तदान केन्द्रलाई आवश्यक सहयोग गरिनेछ ।
- विभिन्न सरकारी गैह्रसरकारी निकायसँग सहकार्य गरी विपद व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ ।
- विपद व्यवस्थापन कार्यलाई लक्षित गरी पायक पर्ने र उपयुक्त स्थानमा आश्रय स्थल स्थापना गरिनेछ ।
- नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।
- नगरपालिका क्षेत्रलाई भूकम्प जस्ता प्रकोपको क्षति न्यूनिकरण गर्न भुकम्प प्रतिरोधी भवन निमार्ण तालिम आवश्यकताका आधारमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ । साथै भूकम्प प्रतिरोधि संरचना निर्माण सम्बन्धी तालिम लिएका निर्माण व्यवसायीसंगको सम्झौता सहित घरनक्सा पासका लागि आवेदन दिने अनिवार्य व्यवस्था गरिनेछ । प्रत्येक वर्ष त्यस्ता व्यवसायीले तोकेको शुल्क तिरी सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने छ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### ५.१. सामान्य सेवा

- नगरपालिका तथा वडा कार्यालयबाट सम्पादन हुने दैनिक तथा सामान्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने कागजातहरु, सम्पर्क व्यक्ति, लाग्ने राजश्व रकम र गुनासो सुन्ने अधिकारीको समेत स्पष्ट देखिने गरी सेवाग्राहीहरुको लागि नागरिक वडापत्र राखिनेछ ।
- नागरिक वडापत्रमा लेखिएका सेवा सुविधा कावु वाहिरको परिस्थितिमा वाहेक तोकिए बमोजिम उपलव्ध गराइने छ ।
- सेवा प्रवाहमा आवश्यकता अनुसारको मापदण्ड तयार गरी लागू गरिने छ ।
- योजना अनुगमन तथा सुपरिवेक्षण कार्यलाई सक्रिय तथा थप विश्वासिलो बनाइने छ । यस कार्यक्रममा कार्यपालिकाका सदस्य र नगर सभाका सदस्यहरूलाई थप जिम्मेवार बनाइने छ
- सेवा सहजीकरणका लागि डिजिटल नोटिस बोर्ड, मोवाइल एप, सहायता कक्ष, नगरपालिकाको वेभसाइट आदि व्यवस्थित र अद्यावधिक गरिने छ ।
- नगरपालिकाबाट प्रवाह गर्ने सेवाहरु सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा सञ्चालन गरिने छ ।
- सबै वडा कार्यालयहरु तथा नगरपालिका भित्र इन्टरनेट सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाईने छ ।
- विद्युतीय अवरोध भएको समयमा समेत सेवाग्राहीहरुलाई सेवा प्रदान गर्नका लागि सोलार एवं इन्भर्टर जडान गरि सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- चैनपुर नगरपालिकाले संचालनमा ल्याएको टोल फि नं.१६६०२९४२००० लाई सबै नगरबासीहरु सम्म पुर्‍याई नगरबासीहरुले नगरपालिकालाई दिनु पर्ने सल्लाह तथा सुझाव राख्ने प्रणालीलाई थप व्यवस्थित गरिने छ ।



भरत कुमार खत्री
नगर प्रमुख

## ५.२. मानव संसाधन विकास

- जनप्रतिनिधि, कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- सेवाग्राही सन्तुष्टी फारामको माध्यमबाट प्राप्त सुझावका आधारमा कार्यसम्पादन मुल्यांकन गरी काम प्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन गर्दै सेवाप्रवाह प्रणालीमा आवश्यक सुधार ल्याई मितव्यायी र प्रभावकारी बनाउदै आवश्यक रिक्त दरबन्दीहरुमा लोकसेवाबाट स्थायी कर्मचारी आएका पदहरुमा कार्यरत करार सेवाका कर्मचारीहरुको स्वतह म्याद समाप्त हुने साथै आवश्यकताका आधारमा करार सेवामा कार्यरत कर्मचारीलाई राख्न सकिने छ ।
- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त विश्वानीय, क्षमतायुक्त र प्रभावकारी बनाउदै लागिने छ ।
- नगर कार्यपालिकाको सांगठनिक संरचनामा सुधार सहित अति आवश्यक प्राविधिक तथा प्रशासनिक दरवन्दी नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिने छ ।
- प्रत्येक पदका लागि कार्यविवरण सहितको जिम्मेवारी तोकी सोही कार्यविवरणका आधारमा कर्मचारीको मूल्यांकन गर्ने आधार तयार गरिने छ ।
- सानातिना विवाद एवं झगडा वडास्तरमा फछ्र्यौट गर्नका लागि न्यायिक समिति मातहत रहने गरी वडा स्तरिय मेलमिलाप केन्द्र गठन गरिनेछ ।
- योजना निर्माण प्रक्रिया सफ्टवेयरबाट सञ्चालन गरी छिटो छरितो बनाइने छ ।
- नगर तथा वडा स्तरीय योजनाहरु अनुगमनका लागि तालिम तथा कार्ययोजना सहितको नतिजामूलक अनुगमन प्रणाली अवलम्बन गरिने छ ।
- कर्मचारीहरुलाई क्षमता विकासका लागि कम्प्युटर, नेटवर्किङ, सफ्टवेयर सञ्चालन, ड्राइभिङ लगायत कर्मचारीहरुबाट माग भएका आवश्यक र उपयुक्त किसिमका तालिमहरु उपलव्ध गराइनेछ ।
- राजश्व तथा प्रशासन शाखालाई व्यवस्थित गरी कर्मचारीहरुलाई आवश्यकतानुसारको तालिम दिई सरल र सहज किसिमले राजश्व संकलन गरिने छ ।
- वातावरण तथा विपद व्यवस्थापन शाखाका प्राविधिक कर्मचारीहरुलाई आवश्यकतानुसारका यन्त्र औजारहरु खरिद गरी तालिम प्रदान गरिने छ ।
- नगर सभाको अवसरमा कार्यपालिकाले उत्कृष्ट छनौट गरेको जनप्रतिनिधि एवं कर्मचारीलाई पुरस्कृत र सम्मानित गरिने छ ।

## ५.३. सुरक्षा व्यवस्थापन

- नगरपालिका कार्यालयको सुरक्षा व्यवस्थापनको लागि नगरपालिका भित्र सिसि क्यामरा, टिभी जडान गरिने छ ।
- कार्यालयको सुरक्षाको लागि पालेपहराको भरपर्दो व्यवस्था गरिने छ ।
- सुरक्षा निकायको सहकार्यमा नागरिक सुरक्षा सम्वन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नगरपालिकाको आन्तरिक श्रोत सुदृढ गरी नगर प्रहरीको व्यवस्था गरिने छ ।
- आगलागीको घटना हुन नदिन सचेतनामूलक कार्यक्रमहरु सञ्चालन र उद्धारका लागि अत्यावश्यक तयारी गरिने छ ।

भरत कुमार खत्री
नगर प्रमुख

## ५.४.सूचना प्रविधि

- सरकार र नागरिक (G2C) का विचमा आदान प्रदान गरिने सेवा सुविधाहरु, सरकार र व्यवसायी (G2B) बिचका सेवाहरु र सरकार र सरकार (G2G)बीचका सेवाहरुको प्रवाह र सञ्चालनमा सूचना प्रविधिको प्रयोगमा जोड दिइने छ।
- नगरपालिकाको आवश्यकता अनुसार इन्टरनेट तथा इन्ट्रानेट सेवा जडान गरिने छ।
- नगरपालिकाको वेभसाइट अद्यावधिक र व्यवस्थित गरिने छ।
- डिजिटल सूचना पाटी र इ-हाँजिरीलाई अझै व्यवस्थित गरिने छ।
- सेवाग्राहीले तिरेको बिलको रकम सम्बन्धित व्यक्तिको मोवाइलमा **Message** जाने व्यवस्था कायम राखिने छ।
- महत्वपूर्ण हस्तलिखित सामग्रीलाई डिजिटाइज्ड गरिने छ।
- सवै वडा कार्यालयहरुलाई इमेल प्रयोग गर्न लगाई पत्राचार कार्यलाई छिटो छरितो बनाइने छ।
- सामुहिक एस एम एस प्रणालीको उपयोग, नगरपालिकाको फेशबुक पेज र वेभसाइटमा नगरपालिकाको गतिविधि र सूचनाहरु अद्यावधिक गरिने छ।
- नगरपालिका भित्र र वडा कार्यालयको हाता भित्र फि वाइफाई सेवा उपलव्ध गराइने छ।
- नगरपालिकालाई प्रविधिमैत्री बनाउन आवश्यक र उपयुक्त सफ्टवेयरहरु जडान गरी दैनिक प्रशासकीय कार्यलाई छिटो छरितो र सहज बनाइने छ।
- नगरपालिकाको ११ वटा वडालाई नगरपालिकासँग नेटवर्किङ गरिने छ।
- सवै वडा कार्यालयहरुमा सोलार व्याकअप सहितको सम्पत्ति कर सफ्टवेयर जडान गरी वडा कार्यालयबाट नै कर उठाइने छ।
- वेभ प्रणालीमा आधारित नगर प्रोफायल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

## ५.५.पञ्जीकरण व्यवस्थापन

- अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता कार्यलाई अझ व्यवस्थित गरिने छ।
- सामाजिक विकास शाखामा रहेका व्यक्तिगत घटना सम्वन्धि पुराना अभिलेखहरुलाई आ.व.०७८/०७९ मा व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाइने छ।

## ५.६.स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

- नगरपालिकाको विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गरिनेछ । यस्ता तथ्यांकहरु प्रशोधन गरी नगरपालिकाको प्रोफायलमा अद्यावधिक गरिनेछ।
- नगरपालिका भित्रका सवै घरधुरीको विस्तृत रुपमा तथ्याङ्क राखिनेछ।
- नगरपालिका भित्रका सवै उद्योग व्यवसाय, संघ संस्था, मठ मन्दिर, गुम्वा र धार्मिक पर्यटकीय स्थलहरुको अभिलेख व्यवस्थित गरिने छ।
- सार्वजनिक जग्गा, मठ मन्दिरहरु, दाहसंस्कार गरिने क्षेत्रहरु, पोखरी, गल्ली आदि तथ्याङ्क संकलन, अद्यावधिक गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ।
- साविकदेखि हालसम्म भएका विभिन्न निर्णय तथा माइन्यूटहरुलाई भविष्य सम्मका लागि अभिलेख सुरक्षित गर्ने प्रयोजनका लागि स्क्यान गरी क्रमशः कम्प्युटरमा अभिलेख राख्ने प्रणाली अपनाइने छ।



भरत कुमार खत्री
नगर प्रमुख

* हाल तयार भएका विभिन्न शाखा फाँटका महत्वपूर्ण फायलहरु पञ्जिका वनाई कम्तिमा पनि १० वर्षसम्म सुरक्षित रहने गरी व्यवस्थित रुपमा भण्डारण गरिने छ । कर्मचारीहरुको सरुवा रमाना हुदा वरवुझारथ गरेको अभिलेखलाई व्यवस्थित गरिने छ ।
* नगरपालिका र वडा कार्यालयहरुको भौतिक सम्पत्तिको अभिलेख व्यवस्थित गरिने छ ।

## ५.७. सुशासन प्रवर्द्धन तथा सेवा प्रवाह

* जनताको समस्यालाई टोल बस्ती तहमा नै पुगी जनतालाई सेवा प्रदान गर्ने तथा जनताको गुनासो व्यवस्थापनका लागि **हेलो मेयर तथा मेयर एकिकृत घुम्ती सेवा कार्यक्रम**प्रभावकारी रुपमा संचालन गरिने छ ।
* तालिम गोष्ठी सेमिनार तथा अन्य कार्यक्रमहरु गर्दा एक रुपताका लागि दररेट पारित गरी लागू गरिने छ ।
* उपभोक्ता समितिबाट सञ्चालित ३ लाख भन्दा माथिका सवै योजनाको योजना निर्माण स्थलमा तोकिएको ढाँचामा सूचना पार्टी अनिवार्य रुपमा राखिने छ । त्यस्ता योजनाहरु नगर स्तरीय योजना अनुगमन समिति वा वडा स्तरीय अनुगमन समितिको अनुगमन र सम्बन्धित वडा कार्यालयको सिफारिसमा मात्र भुक्तानी दिइने छ ।
* ५ लाख भन्दा माथिको विकास निर्माण योजनाको भुक्तानी दिन नगर प्रमुखको स्वीकृति अनिवार्य हुनेछ ।
* रु.७० लाख भन्दा माथिको योजनाको ठेक्का सम्बन्धि कार्य विद्युतीय प्रणालीको माध्यमबाट मात्र गरिने छ ।
* पूर्वाधार तर्फका आयोजना/योजनाहरुमा कन्टेन्जेन्सी वापतको रकम उपभोक्ता समितिबाट लिइने छैन उक्त आयोजनाहरुको व्यवस्थापनका लागि कार्यालयले नै व्यवस्थापन गर्ने नीति लिइने छ ।
* पुर्वाधार तर्फका १ लाख भन्दा माथिका योजना/कार्यक्रमहरुमा १ प्रतिशत मर्मत सम्भार कोष कट्टा गर्ने व्यवस्था मिलाईने छ । उल्लेखित कोषको छुट्टै कार्यविधि बनाई खर्च गरिने छ ।

* नगरपालिकाको काम कारवाही र सूचनाहरु वेभसाइट, सूचनापाटी, पत्र पत्रिका, रेडियो कार्यक्रम र मोवाइल एप मार्फत समेत सार्वजनिक गरिने छ ।
* गुनासो सुनुवाईका लागि नगरप्रमुखको तहबाट विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
* नगरवासीहरुले नगरप्रमुख समक्ष गुनासो राख्ने र त्यस्ता गुनासोहरु समयमा सुनुवाई हुने कार्यक्रम ल्याइने छ ।
* सेवाग्राही नागरिक वडापत्र, राजश्वका दर रेटहरु प्रकाशन प्रशारण, नगरपालिकाको वेभसाइटमा सुचना राख्ने, विद्युतीय सूचनापाटी र होर्डिङ वोर्डको प्रयोग चौमासिक आय र खर्चका फाँटवारीहरु नगरपालिका र वेभसाइटमा समेत राखी सार्वजनिकीकरण, नगरपालिकाको बुलेटिन प्रकाशन, लिफलेट निर्माण, श्रव्य, दृश्य तथा छापा माध्यमबाट प्रचारप्रसार सञ्चारका अन्य साधनहरु मार्फत विभिन्न प्रकारका सूचना लिने दिने कार्यलाई अझ व्यवस्थित र भरपर्दो बनाउने व्यवस्था गरिने छ ।
* स्थानीय तहलाई हस्तान्तरण भई आएका चल अचल सम्पत्ति सार्वजनिक गरिने छ ।
* नगरपालिका भित्र सूचीकृत भएका गैह्रसरकारी, सामाजिक संघ संस्थाहरु समय समयमा अद्यावधिक गरी सार्वजनिक गरिने छ ।

भरत कुमार खत्री
नगर प्रमुख

- नगरपालिकालाई प्रविधि मैत्री नगरको रुपमा परिचित गर्न नगरपालिका तथा वडा कार्यालयका सबै कामहरु विद्युतिय माध्यमबाट संचालन गरी पेपर लेस सेवामा जोड दिईनेछ ।
- नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र अझ पारदर्शी बनाउदै लगिनेछ । नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा सेवाग्राहीप्रति उत्तरदायी बनाउन कर्मचारी आचारसंहिता निर्माण गरि लागु गरिने छ ।
- कुनै पनि वडामा विवादित भएका नगर वा वडा स्तरिय योजनाका बारेमा नगर कार्यपालिकाको बैठकले निर्णय गरि आवश्यक ठाउँमा योजना दिन सक्ने नीति कार्यान्वयनमा ल्याइने छ ।
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण र सो को व्यवस्थित कार्यान्वयन र नियमन गरिनेछ । कालाबजारीलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
- योजना छनौट तथा पाथमिकिकरण गर्दा राष्ट्रिय बिकास नीति, गरिबी निवारण, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।
- योजना चक्रको प्रत्येक चरणमा सरोकारवाला तथा लाभग्राही समूहलाई सहभागी गराईने छ ।
- योजना तर्जुमा, कार्यान्वयन एवं मूल्याङकनमा समन्वय र सहयोगका लागि कार्यतालिका( Work Schedule) बनाई कार्यक्रम संचालनमा अझ प्रभावकारिता ल्याईनेछ ।
- नगरपालिका वडा स्तरीय योजनाको अन्तिम फरफारक जेष्ठ मसान्त भन्दा पछि गरिने छैन । तर वडा अध्यक्षले विशेष कारण सहित निवेदन आएमा नगर प्रमुखले म्याद थप गर्न सकिने छ ।
- साझेदारी कोष (समपुरक कोष) मा रहेको रकम नगर सभाको अनुमतिलिई कार्यपालिकाको बैठकबाट नगर स्तरिय  योजना कार्यक्रममा खर्च गर्ने नीति लिइनेछ ।
- जनतालाई सुशासनको अनुभुति दिलाउन ढिला, शुस्ति र झन्झट रहित सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन चैनपुर नगरपालिका स्थित सेवा प्रदायक निकाय संघसस्थासँग आवश्यकता अनुसार समिक्षात्मक बैठक गरी समस्याका बारेमा जानकारी लिने नीति लिइनेछ साथै सेवा प्रदायक सबै निकाय तथा संघ सस्थाहरुमा गुनासो पेटीका राख्ने व्यवस्था गरिनेछ ।
- सम्बन्धित संघसस्थाहरुको नाममा जग्गा धनी प्रमाण पुर्जा नभएमा भवन निर्माणको लागि रकम विनियोजन नगर्ने निति लिइनेछ ।
- चैनपुर नगरपालिकामा दर्ता गरेका 'घ' निर्माण व्यवसायीहरुको फर्म दर्ता प्रक्रिया तथा नवीकरण सेवालाई थप प्रभावकारी बनाइने छ ।
- चैनपुर नगरपालिका भित्र संचालन भएका निर्माण आयोजनाहरुको अनुगमन, निरिक्षण, निर्माण व्यवसायीहरुको सेवालाई थप प्रभावकारी गरिने छ ।

### ५.८. अनुसन्धान तथा विकास

- नगर क्षेत्र भित्र रहेको ऐतिहासिक पुरातात्विक महत्वका वस्तुहरुको खोज अनुसन्धानमा प्रोत्साहन गरिने छ ।
- नगरपालिका भित्र कसैले नगरवासीको हित हुने बैज्ञानिक खोज अनुसन्धानमूलक कार्य गरेमा कार्यपालिकाले निर्णय गरी विशेष सम्मान र प्रोत्साहन गरिने छ ।

### ५.९.श्रव्य, दृष्य तथा छापा सञ्चार

- नगरपालिका क्षेत्र भित्र प्रकाशन हुने नगरपालिकामा सूचीकृत भएका र सञ्चालनमा रहेका पत्र पत्रिकाहरुलाई दैनिक, साप्ताहिक आदिका आधारमा प्राथमिकतामा राखी नगरपालिकाबाट प्रकाशित हुने सूचना समाचारहरु र सहयोग उपलब्ध गराइने छ ।



भरत कुमार खत्री
नगर प्रमुख

- पत्रकारिताको क्षेत्रमा युवाहरुको आकर्षण बढाउन पत्रकारिता तथा उद्घोषण तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- स्थानीय सञ्चारकर्मीहरुसँगको सहकार्यमा वातावरण संरक्षण, शहरी सौन्दर्य विकास, विपद व्यवस्थापन, सूचना व्यवस्थापन लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- स्थानीय एफ एम रेडियो सञ्चालकहरुसँग सहकार्य गरिने छ ।
- सूचनामूलक सामग्रीहरु लेखिएका होर्डिङ्ग बोर्डहरु राखिने छ ।

### ५.१०. विधेयक समिति

- नगरपालिकाले नयाँ निर्माण गर्नु पर्ने विभिन्न ऐन, नियमावली र कार्यविधिहरु विधेयक समिति मार्फत तयार गरिने छ ।
- अद्यावधिक गर्नु पर्ने ऐन नियमावली र कार्यविधिहरु विधेयक समिति मार्फत अद्यावधिक गरिने छ ।
- विधेयक तयारी तथा संशोधन प्रस्ताव तयार गर्दा आवश्यकतानुसार विज्ञ तथा कानूनी सल्लाहकारको सेवा लिइनेछ ।

### ५.११. न्यायिक समिति

- न्यायिक समितिबाट सम्पादन भएका कार्यहरु कम्प्युटरमा अभिलेख व्यवस्थित गरिने छ ।
- न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी बनाउनका लागि इजलास स्थापना गरिने छ
- वडा स्तरमा मेलमिलाप केन्द्रहरु स्थापना गरिने छ ।
- न्यायिक समितिका पदाधिकारी र सो समितिमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसारको तालिम दिइनेछ ।

### ५.१२.विभिन्न कोषहरुको स्थापना तथा कार्यविधिहरुको निर्माण

नगरपालिकामाविपद **व्यवस्थापन कोष,उद्यम विकास कोष, मर्मत सम्भार कोष र समपुरक कोष** स्थापना गरी छुट्टै कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

**आदरणिय सभाध्यक्ष महोदय**

**सभासद ज्यूहरु**

अव म यस नीति तथा कार्यक्रम निर्माणका आधार तथा अगामी कार्य सम्पादनका केहि मार्गदर्शन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### ख मार्ग दर्शनहरु

१ जन सहभागितामुलक विकास निर्माण

२ पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व

३ छिटो छरितो सेवा प्रवाह

४ दिगो विकास

५ समावेशिता

**आदरणिय सभा सदस्यज्यूहरु**

भरत कुमार खत्री
नगर प्रमुख

हाम्रो मुलुक गरिवी, अशिक्षा, वेरोजगारीको चपेटामा परेको स्थिति छ। यस समस्यावाट हामी नगरवासी पनि मुक्त छैनौ । मुलुकले संघीयताको स्वरुप अनुसार तीनै तहमा सरकार पाएको छ । यी सरकारहरु देश र जनताको समृद्धि हासिल गर्ने महान अभियानमा तपाई हामी सहित होमिएका छौं । यस नगरपालिको समृद्धि र जनताका समस्या समाधान गर्दै नमुना नगरपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएकोछ । जनताको नजरमा हामी पास हुनु छ । यो पास हुने अभियान भनेको हामीले वनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन । तसर्थ गम्भिर छलफल मार्फत सही योजना तर्जुमा छलफल एवं सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पुर्ण विश्वास लिएकोछु ।

अन्तमा: म यस चैनपुर नगरपालिकाको आठौं सम्मानित नगर सभालाई जनप्रतिनिधिको हैसियतले सम्वोधन गर्ने मौका पाएको अवसरमा सम्पूर्ण नगरवासी आमा,वुवा,दाजु,भाइ तथा दिदि वहिनीहरु , राजनैतिक पार्टीका आदरणीय नेताहरु, विभिन्न संघ संस्थाहरु, सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु, सञ्चारकर्मी ज्यूहरु, कर्मचारी तथा सुरक्षा कर्मीहरु लगायत सम्पुर्णमा कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहान्छु ।

रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद

भरत कुमार खत्री

नगर प्रमुख

चैनपुर नगरपालिका

भरत कुमार खत्री
नगर प्रमुख

मिति : २०७८ असार १० गते